**(कार्य विभाजन नियमावली अनुसार) मन्त्रालयको कार्य जिम्मेवारीहरु**

१. व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण ।

२. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन ।

३. ढुवानी/ परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन ।

४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता ।

५. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन ।

६. खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत, संकलन, अभिलेखाङ्कन, अन्वेषण र व्यवस्थापन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय ।

७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी ।

८. कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन ।

९. उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन ।

१०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार ।

११. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन ।

१२. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।

१३. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय ।

१४. मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण नियमन र सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय ।

१५. संघीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन ।

१६. उपभोक्ता अदालत गठन र सञ्चालन ।

१७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय ।

१८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान नियमन ।

१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन ।

२०. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन ।

२१. दामासाहीमा परेका उद्योग, व्यवसायीका कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।

२२. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन ।

२३. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन ।

२४. प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।

२५. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन ।

२६. उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग

२७. स्वरोजगारको लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन ।

२८. टाट पल्टेको र दामासाही सम्बन्धि ।

२९. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन ।

३०. प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीयकरण ।

३१. औद्योगिक प्रतिष्ठानहरु सञ्चालन, व्यवस्थापन तथा संघीय सरकारसँगको समन्वयमा अनुगमन तथा नियमन ।

३२. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू- उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन ।

३३. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन ।

३४. जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन ।

३५. संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन ।

३६. नाप नक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना ।

३७. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन ।

३८. भूमिहीन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरुवा चरुवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन ।

३९. सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।

४०. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन ।

४१. गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय ।

**चित्रकारको ७ महिनाको उपलब्धीहरु**

नीति तथा कार्यक्रममा उल्लेखित बुँदाहरु बजेट वक्तव्यमा उल्लेखित बुँदाहरु हासिल भएको उपलब्धी-

१. उपभोक्ताको हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा कायम गर्दै उपभोग्य बस्तुको आधारभूत गुणस्तर कायम गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाइने ।

२. आम उपभोक्ताको गुणस्तरीय वस्तुको उपभोग गर्ने हक सुनिश्चित गर्न संघीय सरकार र स्थानीय तहसँगको सहकार्यमा बजार अनुगमन र उपभोक्ता सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइएको । प्रदेशस्तरीय गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्न रु. १ करोड छुट्याएको ।

३. बागमती प्रदेशका १३ वटै जिल्लाहरुमा नियमित रुपमा आ.ब.२०८०/०८१ मा हालसम्म १५१३ वटा व्यापारिक फर्महरुको अनुगमन गरिएको छ जसबाट करिब रु. ६ लाख जरिवाना तथा रु. ४ लाख बराबरका म्याद नाघेका सामाग्रीहरु नष्ट गरिएको तथा प्रदेशस्तरीय गुणस्तर परिक्षण प्रयोगशाला स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक प्रक्रिया अगाडि बढाईएको छ ।

४. प्रदेशमा स्थापना हुने उद्योगहरुका लागि सडक, ढल तथा खानेपानीको प्रबन्ध गरी लगानीमैत्री वातावरण बनाइनेछ । लगानी सम्बन्धी कानुन तर्जुमा गरिनेछ । स्थानीय श्रोत साधन र कच्चा पदार्थको प्रयोग गर्ने उद्योगहरुका लागि विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । औद्योगिक ग्रामहरुको सञ्चालन गरिनेछ ।

५. उद्यमी व्यवसायीहरूलाई प्रोत्साहन गर्न लगानीमैत्री वातावरण तयार गरी निर्यातजन्य उत्पादन अभिवृद्धि गर्न उनीहरूको सीप संरक्षण गर्न पचास प्रतिशतको लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न रु. ५ करोड ९५ लाख रकम विनियोजन गरिएको । प्रदेशभित्र उद्यमशीलता विकास, उत्पादकत्व वृद्धि तथा प्रवर्द्धन सम्बन्धी विषयमा अध्ययन अनुसन्धान र नवप्रवर्तनका लागि आवश्यक बजेट व्यवस्था गरिएको । घरेलु तथा साना उद्योग कार्यालयहरु र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट कार्यान्वयन प्रारम्भ गरिएको ।

६. हस्तकला व्यवसाय सम्बन्धी कानुन तर्जुमा गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रदेशको पहिचान स्थापित गर्ने हस्तकला उद्योगमा सरम्परागत सीपको प्रवर्धन गर्दै हस्तकला ग्राम निर्माण, सञ्चालन, विकास, बिस्तार र बजारीकरण सम्बन्धी कार्यलाई प्रभावकारी बनाइनेछ ।

७. काठमाडौं उपत्यका लगायतका सम्भाव्य स्थानमा हस्तकला ग्राम निर्माण गरी काष्ठ कला, प्रस्तर कला जस्ता मौलिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित गरिनेछ । उद्यमशीलता प्रवर्द्धन गर्न नवप्रवर्तन उद्यमी सम्मेलन तथा औद्योगिक प्रदर्शनी/मेला जस्ता कार्यक्रमहरू सञ्चालन गर्न रकम व्यवस्था गरिएको । मन्त्रिपरिषद्को स्वीकृति प्राप्त भई प्रदेश सभामा हस्तकला ग्राम विधेयक दर्ता भइ संसदमा छलफलमा रहेको छ ।

८. औद्योगिक प्रदर्शनी मेला कार्यक्रमहरु केही संचालन भइसकेको र केही संचालन हुने प्रक्रिया रहेको ।

**मन्त्रालयले तयार गरेका ऐन नियम तथा कार्यविधिहरू**

क) प्रमाणीकरण भएका ऐनः

- प्रदेश व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६
- प्रदेश औद्योगिक व्यवसाय ऐन,२०७६
- मन्त्रीपरिषद्को स्वीकृति पश्चात प्रदेश सभामा दर्ता भएकोः
- प्रदेश हस्तकलाग्राम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- स्वीकृत कार्यविधि तथा गठन आदेशः
- प्रदेशस्तरिय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८०
- मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८०

**नीतिगत एवम् कानूनी व्यवस्थाहरुका सम्बन्धमा भएका प्रगति**

१. प्रदेशको उद्योग प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्ने "प्रदेश औद्योगिक व्यवसाय ऐन" तथा "प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन" को समयानुकुल संशोधन गर्न आवश्यक प्रक्रिया सुरु गरिएको छ ।

२. उपभोक्ता हित संरक्षण र बजार अनुगमन सम्बन्धमा साविकमा रहेको "प्रदेश स्तरीय संयुक्त बजार अनुगमन निर्देशिका २०७५" लाई विस्थापन गरी "प्रदेश स्तरीय संयुक्त बजार व्यवस्थापन अनुगमन निर्देशिका, २०८०" मन्त्रिपरिषदबाट स्वीकृत भई कार्यान्वयन भईरहेको छ ।

३. प्रदेश भित्र सञ्चालन हुने उद्योग, व्यापार लगायतका अन्य यस्तै प्रकृतिका मेला, महोत्सवहरुको प्रवर्द्धन गर्नका लागि "मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" मन्त्रिपरिषदबाट स्वीकृत भएको छ। संविधान दिवसको अवसरमा बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेश हस्तकला प्रदर्शनी आयोजना गरिएको छ भने अन्य धेरै स्थानहरुमा हस्तकला मेला महोत्सवमा सक्रिय सहभागिता जनाइएको छ ।

४. विद्यमान नीतिगत एवम् कानूनी व्यवस्थाहरुका सम्बन्धमा सरोकारवालाहरुको राय, परामर्श, सुझाव ग्रहण गर्ने कार्यलाई तिव्रता दिईएकोमा यस बीचमा घरेलु तथा साना उद्योग कार्यालय धादिङ, नुवाकोट, दोलखा, काभ्रे, रसुवा र ललितपूरको आयोजनामा सञ्चालित सरोकारवालाहरुसँगको अन्तर्क्रिया कार्यक्रममा सहभागी भई भुँई तहदेखिका उद्योगी, व्यवसायीहरुका पिरमर्का, गुनासो प्राप्त गरी नीतिगत सुधारको कार्य प्रारम्भ भएको छ ।

५. घरेलु तथा साना उद्योग महासंघ केन्द्रिय समितिको संयोजनमा भएको “नीति संवाद” कार्यक्रममा प्रदेश सरकारको तर्फबाट उद्योग तथा वाणिज्य क्षेत्रको नीतिगत तथा कानुनी सुधारको लागि प्रस्तावित संशोधन विधेयकमा अन्तर्क्रिया गरिएको छ।

६. निर्माण सम्पन्न भई सञ्चालनको चरणमा रहेका कोशेली घरहरुलाई स्थानीय तहहरु तथा सरोकारवालाहरुलाई हस्तान्तरण गरी व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न “भौतिक संरचना हस्तान्तरण सम्बन्धी कार्यविधि” तयार गरी सहमतिको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा, बागमती प्रदेश, हेटौँडामा पठाइएको छ ।

७. उपभोक्ता हक हित संरक्षण सम्बन्धी कानुनको मस्यौदा तयार गर्ने प्रक्रिया सुरु गरिएको छ ।

८. उद्योग प्रशासनलाई सेवाग्राही र प्रविधिमैत्री बनाउने र उद्योग तथा व्यवसायको स्थापना सञ्चालन र बहिर्गमन सम्बन्धी सेवालाई थप सरल र प्रविधिमैत्री बनाउने हेतुले साविकको मन्त्रालयबाट निर्मित उद्योग व्यवसाय र व्यापार व्यवसाय सम्बन्धी अनलाई सफ्वयरहरुलाई समय सापेक्ष ग्उनचबमभ गरी तत्काल घरबाटै सेवाग्राहीले सेवा प्राप्त गर्न सकिने र मन्त्रालयले सो बारे अनुगमन गर्न सकिने बनाउन योजना बनाइएको र सो को कार्यान्वयन गर्न सम्बन्धित पक्षलाई छलफलका लागि बोलाइएको छ ।

९. उपभोक्ताको हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिष्पर्धा कायम गर्दै उपभोग्य वस्तुको आधारभूत गुणस्तर कायम गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाइएको छ।चाडपर्वको समयमा आकस्मिक तथा अन्य समयमा नियमित रुपमा गरी १५१३ वटा व्यापारिक फर्महरुको अनुगमन गरिएको छ, जसबाट करिब रु. ६,००,०००/- बराबर जरिवाना तथा रु. ४,००,०००/- बराबरका म्याद नाघेका सामग्रीहरु नष्ट गरिएको छ ।

१०. काठमाडौं उपत्यका लगायतका सम्भाव्य स्थानहरुमा हस्तकला ग्राम निर्माण गरी काष्ठ कला प्रस्तर कला जस्ता मौलिक पहिचानलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा स्थापित गर्ने उद्देश्यका साथ "प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०" प्रदेश सभामा दर्ता गरिएको छ ।

११. उद्यमी व्यवसायीहरुलाई प्रोत्साहन गरी लगानीमैत्री वातावरण तयार गरी निर्यातजन्य उत्पादन अभिवृद्धि गरी उनीहरुको सिप संरक्षण गरी पचास प्रतिशतको लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न चालु आर्थिक वर्ष २०८०।०८१ का लागि विनियोजित कार्यक्रमहरूको कार्यान्वयन सम्बन्धित जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरु र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट कार्यान्वयन प्रारम्भ गरिएको छ ।

१२. बडादशैं, दिपावली तथा अन्य पर्वहरुको अवसरमा साल्ट ट्रेडिङ कर्पोरेसनसँगको सहकार्यमा प्रदेश भित्रका २४ स्थानमा चाडपर्व लक्षित सुपथ मुल्य पसलहरु सञ्चालन गरिएको छ ।

१३. "स्वदेशी उत्पादन अभियानः उद्यमीको सम्मान" भन्ने नाराका साथ नवौं उद्योग दिवसको अवसरमा प्रदेश भित्रका १३ वटै घरेलु कार्यालयहरु तथा निर्देशनालयको आयोजनामा सरोकारवालाहरु सँगको अन्तर्क्रिया, छलफल तथा गोष्ठी कार्यक्रम सञ्चालन गरिएको छ ।

१४. चालु आर्थिक वर्ष २०८०।०८१ मा यस मन्त्रालय मातहतका निर्देशनालय, १३ वटै जिल्लाका  घरेलु तथा साना उद्योग कार्यालयहरुबाट हालसम्म करिब २३४० औद्योगिक तथा व्यापारिक  फर्महरु दर्ता भएको छ ।

१५. प्रदेशको उद्योग तथा लगानी प्रवर्द्धन समितिको बैठकले अनुसूची-१ बमोजिमको सहमति लिनुपर्ने ९  वटा उद्योगहरुलाई सहमति दिइएकोछ ।

१६. प्रदेश भित्रका विभिन्न जिल्ला कार्यक्षेत्र भएका र प्रचलित वातावरणीय कानुनले  क्ष्भ्भ स्वीकृत गर्नुपर्ने  भनी तोकेका ११ वटा उद्योगहरुको प्रारम्भिक वातावरणीय अध्ययनको प्रतिवेदनलाई स्वीकृति प्रदान गरिएको छ ।

१७. जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरुको भौतिक पूर्वाधार, मानव संशाधन, योजना कार्यक्रम कार्यान्वयन लगायतका सम्पूर्ण अवस्थाहरुको बारेमा यथार्थ जानकारी लिने क्रममा सिन्धुली, धादिङ, ललितपूर, भक्तपुर, चितवन र मकवानपुर जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयहरुको स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

१८. बागमती प्रदेशमा उद्योग स्थापनाको लागि लगानी गर्न ईच्छुक दक्षिण कोरिया, चीन तथा जापानका व्यवसायीहरुको टोलीसँग भेट गरी लगानीको लागि प्रेरित गरिएको छ भने पाकिस्तानका  उद्यमीहरुलाई भ्रमणका लागि निमन्त्रणा पठाइएको छ ।

१९. बागमती प्रदेशलाई औद्योगिक प्रदेशको रुपमा रुपान्तरण गर्न सहयोगको लागि अनुरोध गर्न  सम्माननीय राष्ट्रपति, नेपाल सरकारका माननीय अर्थमन्त्रीज्यू, माननीय उद्योग, वाणिज्य तथा  आपूर्ति  मन्त्रीज्यू लगायतसँग भेट गरी सहयोगको लागि अनुरोध गरिएको छ ।

२०. हेटौंडा कपडा उद्योग, हेटौंडा सिमेन्ट उद्योग, रिद्धिसिद्धि सिमेन्ट उद्योग, ल्भ्भ्प ट्रान्सफर्मर लगायतका उद्योगहरुको स्थलगत भ्रमण गरी उद्योगको हालको अवस्था अध्ययन गरिएको छ ।

२१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ को उपदफा (१) बमोजिम मन्त्रालयले गर्नुपर्ने संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालय र मातहतका संगठनहरुको संगठनात्मक स्वरुप र दरवन्दी तेरिज मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिएको छ ।

२२. बजेट बक्तव्यमा उल्लेखित मध्ये ४ डिपीआर कार्यान्वयनको चरणमा रहेको ।

२३. भूमि सम्बन्धि नीतिगत तथा कानूनी सुधारका लागि मालपोत तथा नापी अधिकृतसँग २ छलफल गोष्ठि तथा भूमि आयोग सँग १ छलफल गोष्ठि सम्पन्न ।

२४. उपचोक्ता हकहित प्रचार प्रसार कार्यक्रम सन्चालनमा ।

२५. नवप्रवर्तन उद्यमी सम्मान छनौट समिति बनाई मापदण्ड निर्माण गरि सूचना प्रकाशनको चरणमा रहेको ।

२६. मन्त्रालयको सजावटका लागि हस्तकला महासंघसँगको सहकार्यमा नेपाली प्राचिन हस्तकला प्रयोग कार्यक्रम कार्यान्वयनमा रहेको ।